# स्थानीय राजपत्र

घिरिङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या ५५ मितिः २०८०।०३।१०


## भाग-२

## उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८०


## घिरिङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरीछाप, तनहुँ

गण्डकी प्रदेश, नेपाल

**पृष्ठभूमी :**

घिरिङ गाउँपालिकाबाट कृषि जन्य उत्पादन वृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन गर्न र बजारीकरण गर्न आवश्यक पर्ने लगानीहरुमा मात्र अनुदान सहायता उपलब्ध गराउदै आएको पाईन्छ। विभिन्न परियोजना मार्फत साझेदारीमा समेत यस्तो अनुदान प्रवाह भएको छ। हालैका वर्षहरुमा अनुदान ग्राहीबाट परियोजना अवधि भर शर्त पालना गर्ने र तत्पश्चात व्यवसायलाई दिगो रुपमा संचालन नगर्ने प्रवृत्ति समेत देखिन थालेको छ। कृषकहरुको मागका आधारमा व्यवसाय  दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित कृषि उपजको  विक्रीका आधारमा अनुदान प्रवाह गरेमा एकातिर कृषि उपजको उत्पादन वढ्ने छ भने अर्को तर्फ कृषि उपज  उत्पादन व्यवसायलाई दिगो र व्यवसायिक रुपमा अगाडि बढाउन यो अनुदान परियोजनाका रुपमा कृषकलाई कृषि उपज उत्पादन गर्ने कृषकहरुलाई उत्पादनको तौलमाा आधारित रही अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले घिरिङ गाउँपालिकाले कृषि उपज उत्पादनका आधारमा अनुदान कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र सञ्चालन गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी यो  घिरिङ गाउँपालिकाको उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम कार्यविधि,२०८० जारी गरिएको छ।

**१. प्रारम्भिकः**

क) संक्षिप्त नाम र प्रारम्भ :

१. यो कार्यविधिको नाम “ घिरिङ गाउँपालिका उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८०'' रहेको छ।

२. यो कार्यविधि घिरिङ गाँउकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. ''कार्यविधि'' भन्नाले घिरिङ गाँउपालिकाको उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८०'' सम्झनु पर्नेछ।

२. ''गाँउपालिका'' भन्नाले घिरिङ गाउँपालिका गाँउ कार्यपालिकाको कार्यलय, पोखरीछाप, तनहुँ सम्झनु पर्नेछ।

३. ''कार्यपालिका'' भन्नाले घिरिङ गाउँपालिका गाँउकार्यपालिका सम्झनु पर्नेछ।

४. ''शाखा''भन्नाले घिरिङ गाउँपालिका कृषि विकास शाखा सम्झनु पर्नेछ।

५. ''कृषक''भन्नाले घिरिङ गाँउपालिका भित्र बसोबास गरी कृषि पेसामा आबद्ध भएको कृषक  सम्झनु पर्नेछ।

६. ''प्रोत्साहन अनुदान''भन्नाले घिरिङ गाँउपालिका भित्रका कृषकहरुले मसला बाली (लसुन , प्याज,अदुवा, बेसार) उत्पादन गरे वापत प्राप्त गर्ने अनुदान सम्झनु पर्नेछ।

**३. उद्देश्यहरुः**

१) उत्पादन प्रतिफलमा आधारति अनुदान कार्यक्रममा कृषकहरुलाई  प्रोत्साहन स्वरुप

अनुदान उपलब्ध गराउने ।

२) कृषकहरुलाई मसला बाली क्षेत्रमा आकर्षण गर्नै र घिरिङ गाँउपालिका भित्रको मसला जन्य उत्पादनको आयात प्रतिस्थापन गर्ने ।

३) साना कृषकहरुको समेत कृषि जन्य उत्पादनलाई संगठीत बजारमा प्रवाह गर्ने ।

४) अनुदान वितरण नीतिलाई प्रकृयामूखीबाट परिमाणमूखी तर्फ लैजाने ।

५) कृषि जन्य उत्पादनलाई प्रतिस्प्रधात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने साथै मसला बाली उत्पादनमा बृद्धि गर्ने ।

**४) कार्यक्रम अवधि :**

हाललाई यस कार्यक्रमको अवधि १ वर्षको हुनेछ । आगामी वर्षहरुमा आवश्यकता अनुसार अवधि विस्तार गरिने छ ।

**५) कार्य संचालन प्रकृया :**

५.१. घिरिङ गाउँपालिकाले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषि उपज उत्पादन र विक्री गर्ने कृषकरुका लागि प्रस्ताव आव्हान (अनुसूचि—१ बमोजिम) गर्नेछ ।

५.२. यस कार्यक्रममा सम्मिलित हुन बुँदा नं. ५.३ बमोजिम मापदण्ड पुरा गरेका ईच्छुक कृषकले तोकिएको म्याद भित्र अनुसूचि २ बमोजिमको निवेदन घिरिङ गाउँपालिकाको कार्यालय कृषि विकास  शाखामा दिनुपर्नेछ ।

५.३ घिरिङ गाउँपालिका उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रममा कृषकको मापदण्ड :

क) अदुवा उत्पादन गर्ने कृषकहरुले कम्तीमा १००० के.जी उत्पादन गर्नुपर्ने ।

ख) बेसार उत्पादन गर्ने कृषकहरुले कम्तीमा ५०० के.जी उत्पादन गनुपर्ने ।

ग) प्याज उत्पादन गर्ने कृषकहरुले कम्तीमा ५०० के.जी उत्पादन गनुपर्ने ।

घ) लसुन उत्पादन गर्ने कृषकहरुले कम्तीमा २५० के.जी उत्पादन गनुपर्ने ।

च) कृषकहरुले कारोवार गर्ने गरेको कृषि उपज पुणर् रुपमा स्वच्छ, ताजा, गुणस्तरी, प्राङगारीक हुनुपर्नेछ ।

५.४ उक्त निवेदनको आधारमा कृषि विकास शाखाका कर्मचारी/घिरिङ गाँउपालिकाको जनप्रतिनिधि सम्बन्धित किसानको खेत/बारीमा गई उत्पादनका अभिलेख दुरुस्त राख्न पर्नेछ ।

५.५. घिरिङ गाँउपालिकाको उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रमको व्यवस्थापन समितिको व्यवस्था,काम/कर्तव्य र अधिकार :

क) समितिको व्यवस्थाः घिरङि गाँउपालिकाको उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम  संचालन गर्न देहाय बमोजिमको समिति गठन हुनेछ ।

१) संयोजक - गाँउपालिका अध्यक्ष

२) सदस्य - घिरिङ गाँउपालिका उपाध्यक्ष

३) सदस्य - आर्थिक विकास समिति संयोजक

४) सदस्य - आर्थिक प्रशासन शाखा प्रमुख

५) सदस्य सचिब - कृषि विकास शाखा प्रमुख

ख) समितिको व्यवस्था,काम/कर्तव्य र अधिकार : घिरिङ गाँउपालिकाको उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रममा कर्मचारी/घिरिङ गाँउपालिकाको जनप्रतिनिधि सम्बन्धित किसानको खेत/बारीमा गई उत्पादनको अभिलेख तयार पारी समितिमा पेश गर्नुपर्ने छ र उक्त अभिलेख मुल्याङ्कन समितिले बुँदा नं ५.३ को मापदण्ड अनुसार पुरा गरिएका कृषकहरुलाई गाँउपालिका बोर्ड/कार्यपालिकामा सफिरिस गर्ने छ ।

५.६ छनौट भएका कृषकहरुलाई विनियोजित बजेटको परिधिभित्र रही बुँदा नं ५.३ बमोजिम मापदण्ड पुरा गरी उत्पादित परिणामका आधारमा कृषकहरुलाइ गाउँपालिकाले तपशिल अनुसारका अनुदान रकम बैंक खाता मार्फत वा नगदै उपलब्ध गराउने छ ।

तपशिल :

| क्र.स | उत्पादित बस्तु | परिमाण (के.जी) (न्युनतम के.जी) | अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अदुवा | १००० | ५०००/- | |
| २ | बेसार | ५०० | ५०००/- | |
| ३ | लसुन | २५० | ५०००/- | |
| ४ | प्याज | ५०० | ५०००/- | |

**६) आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ तथा नियमावली, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

**७) थपघट वा हेरफेर गर्न सक्ने**

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन घिरिङ गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि घिरिङ गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

३. यो कार्यविधि कार्यान्वियन गर्न आवश्यक पर्ने अनुसुचीहरुको निर्माण तथा परिमार्जन घिरिङ गाउँपालिकाले गर्न सक्नेछ ।

# अनुसूची -१
## उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रमका लागि निवेदन पेश गर्ने सम्बन्धी सुचना

प्रकाशित मिति :

घिरिङ गाउँपालिकाको आ.व. .......को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत अदुवा/बेसार/लसुन/प्याज उत्पादनका आधारमा अनुदान वितरण कार्यक्रम रहेकोले यस गाँउ पालिका भित्रका सहकारी/कृषक समुह/कृषकहरुले सुचना प्रकाशत भएको मितिले...... दिन मिति ... गते भित्र तपशिल बमोजिमको कागजात सहित यस गाउँपालिका कृषि विकास शाखामा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल :**

*पुरा गर्नुपर्ने मापदण्ड*

अदुवा कम्तिमा १००० के.जि उत्पादन भएको हुनुपर्नेछ।

बेसार कम्तिमा ५०० के.जि उत्पादन भएको हुनुपर्नेछ।

प्याज कम्तिमा ५०० के.जि उत्पादन भएको हुनुपर्नेछ।

लसुन कम्तिमा २५० के.जि उत्पादन भएको हुनुपर्नेछ।

*आवश्यक कागजातहरु :*

लिखित रुपमा निवेदन

नागरकिता प्रमाण पत्रको प्रतिलिपि

**अनुसूची - २**

**उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रमको लागि**

**निवेदन**

मिति :

श्रीमान् कार्यलय प्रमुख ज्यू
घिरिङ गाउँपालिका, पोखरीछाप, तनहुँ।

विषय : अनुदान उपलब्ध गराईदिने सम्बन्धमा।

प्रस्तुत विषयमा घिरिङ गाउँपालिका पोखरीछाप तनहुँ बाट मिति ........... मा प्रकाशित सुचना अनुसार यस निवेदन फारममा हस्ताक्षर भएका म/हामी गण्डकी प्रदेश तनहुँ जिल्ला घिरिङ गाउँपालिका वडा नं ......मा अवस्थित ............................ मा ................ बालीमा उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम मार्फत अनुदान सहयोग उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु/गर्दछौँ। आवश्यक कागजात यसैसाथ पेश गरेका छौ।

निवेदक
नाम :
हस्ताक्षर :
मिति :
सम्पर्क नं :
संस्थाको छाप :

पेश गरेका कागजातहरु :

१. कृषकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
२. कृषि फर्म / कम्पनी संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर तथा करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि।

## उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रमको लागि

## प्रस्तावना

**क. अवेदकको सिंक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्था/कृषाकको नाम : | ठेगाना : |
| उत्पादित बालीको खेति गरिएको स्थानको ठेगाना : | प्रोपाईटर/कृषाकको नाम :<br><br>सम्पर्क नं : |

**ख. सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

खेती/व्यवसाय नाम : ..................................

| क्र.स | हाल खेती गरिरहेको बालीको नाम | हाल खेती गरिएको क्षेत्रफल रोपनीमा | हालको उत्पादन (के.जी.)मा | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल /आकार (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग. कुल अनुमानित उत्पादन :**

१. कुल रोजगारी सिर्जना:

२. खेती गरिने बाली सम्बन्धी विवरण

| क्र.स | बालीको नाम | लगाइने क्षेत्रफल रोपनी | उत्पादित बालीको परिमाण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

**घ. अन्य व्यवसायिक योजना :**

- नविनतम सोच (खेती व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाने भए उल्लेख गर्नुहोस् )।

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ कसरी गर्नुहुन्छ ?)

**ङ. अन्य विषय केही भए उल्लेख गर्नुहोस् :**

**प्रस्तावक**

नाम :

हस्ताक्षर :

मिति: